# खत्याड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## रामतडी, मुगु
कर्णाली प्रदेश

प. सं. : २०८२/०८३
च. नं. : २८५६

मिति : २०८३।०३।३१
नेपाल संवत ११४६ दिल्लाथ्व, पारु

श्री सामुदायिक विद्यालयहरु सबै
खत्याड गाउँपालिका, मुगु।

विषयः सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी/करार/राहत/ बालविकास शिक्षक र विद्यालय कर्मचारीहरुले आ. व. २०८२/०८३ को सम्पति विवरण फाराम राष्ट्रिय किताबखाना (शिक्षक) को मिति २०८३।०३।२४ को यसै साथ संलग्न पत्रानुसार भरी/भराइ एकमुष्ट रुपमा यस खत्याड गाउँपालिकामा मिति २०८३ साल श्रावण मसान्तसम्म पेश गर्न हुन सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सूचित गरिन्छ ।

............................
(थानेश्वर जोसी)
वरिष्ठ शिक्षा अधिकृत

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

राष्ट्रिय किताबखाना

(शिक्षक)

सानोनियम मार्ग, छाउनी, काठमाडौं ।

प.सं. २०८२।०८३

च.नं. ५५५१

मितिः- २०८३।०३।२४

विषय – सामुदायिक विद्यालयका स्थायी शिक्षकहरूले सम्पत्ति विवरण बुझाउने सम्बन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ, ७७ वटै ।

श्री सबै स्थानीय तहहरू (७५३ वटै) ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१क बमोजिम प्रत्येक शिक्षकले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक सम्पत्ति विवरण पेस गर्नुपर्ने कानुनी प्रावधान भएकोले सामुदायिक विद्यालयहरूमा कार्यरत रहेका सम्पूर्ण स्थायी शिक्षकहरूको आ.व. २०८२/०८३ को सम्पत्ति विवरण नेपाल राजपत्र भाग ५, खण्ड ६०, सङ्ख्या १, मिति २०६७ वैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचनामा तोकिएको ढाँचा बमोजिमको सम्पत्ति विवरण फाराम भरी खामबाहिर देहायको विवरण अनिवार्य रूपमा उल्लेख गरी राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने व्यवस्था गर्नु/गराउनुहुन अनुरोध छ ।

आ.व. २०८२/०८३ को सम्पत्ति विवरण

| | |
|---|---|
| शिक्षकको संकेत (सिटरोल)नं.:- | कार्यरत विद्यालयको नाम र पूरा ठेगानाः- |
| शिक्षकको नाम थर:- | कार्यरत विद्यालयमा हाजिरी मितिः- |
| तहः- | कार्यरत प्रदेशः- |
| श्रेणी:- | कार्यरत जिल्लाः- |
| मोबाइल नम्बर:- | कार्यरत स्थानीय तहः- |

१. स्थायी शिक्षकहरूको आ.व. २०८२/०८३ को सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रूपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (शिक्षक) जानु नपर्ने गरी विद्यालय/स्थानीय तहले सङ्कलन गरी सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाइहरूमा बुझाउने र इकाइहरूले जिल्लाका सबै विद्यालय शिक्षकहरूको एकमुष्ट मिति २०८३ साल श्रावण १ गतेदेखि मिति २०८३ भाद्र २९ गतेभित्र अनिवार्य रूपमा राष्ट्रिय किताबखाना (शिक्षक) मा प्राप्त हुने गरी छिटो माध्यमबाट पठाउनु पर्नेछ । विद्यालयमा कार्यरत करार, राहत, बाल विकास शिक्षक, विद्यालय कर्मचारी आदिले आफू कार्यरत स्थानीय तहमा बुझाउनु पर्नेछ र स्थानीय तहले सो विवरण दर्ता गरी तोकिए बमोजिम सुरक्षित राख्नु पर्नेछ ।

२. अध्ययन बिदा, असाधारण बिदा र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकहरूले सार्वजनिक पद धारण गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व सम्बन्धित शिक्षककै हुनेछ ।

गोविन्द प्रसाद अर्याल

का.मु. उपमहानिर्देशक

३. आ.व. २०८२/०८३ भित्र (अर्थात् २०८२ साउन १ गतेदेखि २०८३ असार मसान्तसम्म) सेवानिवृत्त भएको शिक्षकले समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ।

४. सङ्केत नं. नमिलेको, खाममा पूर्ण विवरण उल्लेख नगरिएको र तोकिएको मितिभन्दा पछि प्राप्त भएको सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन।

५. हुलाकमार्फत तोकिएको अवधिभित्र प्राप्त भएको सम्पत्ति विवरण PIS प्रविष्टि गरी अभिलेख राखिनेछ तर तोकिएको ६० दिन पछि प्राप्त सम्पत्ति विवरणलाई प्राप्त नभए सरह मानी अभिलेख राखिने छैन र तोकिएको म्यादभित्र सम्पत्ति विवरण पेश नगर्ने शिक्षकहरुलाई रु १०,०००।– (दश हजार) जरीवाना हुने व्यहोरा जानकारी गराईन्छ ।

६. सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा पनि सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजनका लागि यस किताबखाना खुला रहनेछ ।

७. सम्पत्ति विवरण फाराम यस कार्यालयको वेबसाइट www.stro.gov.np मा उपलब्ध छ । सम्पत्ति विवरण दर्ताको जानकारी सम्बन्धित शिक्षकले सिटरोल भर्दाको बखत उल्लेख गरेको मोबाइल नं. मा SMS बाट प्राप्त हुनेछ र ६०दिन भित्र SMS प्राप्त नभएमा यस किताबखानामा सम्पर्क गर्नुहुन ।

८. नयाँ स्थायी नियुक्त भई सिटरोल बुझाउँदा सम्पत्ति विवरण बुझाएका शिक्षकहरूले समेत अनिवार्य रूपमा सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२०८२-२-२४

गोविन्द प्रसाद अर्याल

(का.मु. उपमहानिर्देशक)

बोधार्थ :

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री शिक्षा तथा खेलकुद मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गाल, काठमाडौं ।

श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं ।